दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ३३६ | बुटवल | २०८२ पौष ०१ गते, मंगलबार | नेपाल संवत ११४६ | Tuesday December 16, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

एमाले महाधिवेशन :

# नेतृत्व चुन्न आज मतदान





**लुम्बिनी संवाददाता**
*बुटवल*

नेकपा एमालेको ११औं महाधिवेशनबाट नेतृत्व चयनका लागि आज (मंगलबार) चुनाव हुने भएको छ । नेतृत्व चयनमा अध्यक्ष केपी शर्मा ओली र वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल समूहबिच सहमति नभएपछि चुनावी प्रतिस्पर्धा भएको हो । अध्क्षमा ओली र पोखरेलसहित दुबै पक्षले प्यानलसहित उम्मेदवारी दर्ता गरिसकेका छन् । महासचिव पदका लागि वर्तमान महासचिव शंकर पोखरेल र उपाध्यक्ष सुरेन्द्र पाण्डेबिच प्रतिस्पर्धा हुँदैछ । पोखरेल संस्थापन पक्षका उम्मेदवार हुन् भने पाण्डे पोखरेल पक्षका हुन् ।

ओली तेस्रो पटक अध्यक्ष बन्ने दाउमा हुँदा पोखरेल पूर्वराष्ट्रपति विद्या भण्डारीको साथ लिएर मैदानमा होमिएका छन् ।

११औं महाधिवेशनमा भेला भएका २२६३ प्रतिनिधिले ३०१ सदस्यीय कमिटी चुन्दै छन् । निर्वाचन कार्यक्रमअन्तर्गत मध्यान्ह १२ बजेदेखि साँझ ६ बजेसम्म तय गरिएको छ ।

एमाले नेतृत्वका लागि हुने चुनावी प्रतिस्पर्धा संस्थापन पक्षका लागि पेचिलो बन्न सक्ने अवस्था देखिएको छ । अध्यक्ष केपी शर्मा ओलीकै निकटस्थ नेताहरू असन्तुष्ट बनिरहेका छन् ।

पार्टी राजनीतिमा अनवरत ओलीलाई साथ दिँदै आएका उप-महासचिव प्रदीप ज्ञवालीले केन्द्रीय सदस्यमा मात्रै उम्मेदवारी दिएक छन् । उनी महासचिवका आकांक्षी थिए । तर, ओलीले महासचिवमा शंकर पोखरेललाई नै दोहोर्याउन चाहेपछि ज्ञवाली असन्तुष्ट बनेका हुन् । संस्थापन पक्षले ज्ञवालीलाई उपाध्यक्षमा समेट्न खोजेको थियो । तर, ज्ञवालीले महासचिवबाहेकको पदाधिकारीमा उम्मेदवारी नदिने अडान लिए । आफ्नो अडानमा कायम रहँदै उनले केन्द्रीय सदस्यमा मात्रै उम्मेदवारी दिएपछि ओलीलाई झट्का लागेको छ ।

ओली प्यानलबाट अन्य नेताहरू पनि चाहेअनुसारको पदमा लड्न नपाएर असन्तुष्ट बनेका छन् । ओलीलाई विगतमा फुटबलको पेलेसँग तुलना गर्ने नेता कृष्णगोपाल श्रेष्ठ केन्द्रीय सदस्यमा मात्रै राखिएपछि असन्तुष्ट बने । उनी ईश्वर पोखरेलको कित्तामा पुगेका छन् र सचिवको उम्मेदवार बनेका छन् ।

विगतमा ओलीको अनन्य सहयोगी मानिने गोकुल बास्कोटाले पनि पोखरेल प्यानलबाट सचिवमा उम्मेदवारी दिएका छन् । यद्यपि, उनी ओलीसँग टाढिएको धेरै समय भइसकेको थियो ।

अर्का ओलीनिटक नेता अग्नी खरेल पनि संस्थापन पक्षको प्यानलबाट बाहिरिएिका छन् । उनलाई ओली प्यानलमा केन्द्रीय सदस्यमा राखिएको थियो । तर, उनले त्यसमा चित्त नबुझाएर सचिवमा 'स्वतन्त्र' उम्मेदवारी दिएका छन् ।

संस्थापनकै प्यानलमा केन्द्रीय सदस्यमा राखिएका लालबाबु पण्डितले पनि चित्त बुझाएनन् । उनले सचिवमा उम्मेदवारी दिएका छन् । अघिल्लो १०औं महाधिवेशनमा पनि पदाधिकारीमा नपरेपछि उनी असन्तुष्ट भएर निस्किएका थिए ।

यस्तै, ओली प्यानलमा केन्द्रीय सदस्य राखिएका भीम आचार्यले पनि विद्रोह गरेका छन् । उनले प्यानलबाट निस्किएर उपाध्यक्षमा उम्मेदवारी दिएका हुन् ।

ओली प्यानलमै केन्द्रीय सदस्यमा राखिएका रघुजी पन्त पनि उपाध्यक्षमा उम्मेदवारी दिएका छन् । यसअघि नवौं महाधिवेशनमा उपमहासचिव हारेका पन्त पछिल्लो समय ओलीनिकट मानिन्थे । संस्थापन पक्षको प्यानलमा नपरेपछि आनन्द पोखरेल ईश्वर पोखरेलतिर लागेका छन् । उनले उपमहासचिवमा उम्मेदवारी दिएका छन् ।

ओलीको कार टिमका एक सदस्य राजेन्द्र गौतम समेत प्यानलबाट निस्किएर उपमहासचिवमा उम्मेदवारी दर्ता गराएका छन् । पार्टीको प्रचार विभाग प्रमुख गौतमले ओली प्यानलमा सचिवको आकांक्षा राखेका थिए । तर, पदाधिकारी लिस्टमा नपरेपछि उनले स्वतन्त्र उम्मेदवारी दिएका हुन् ।

राजेन्द्र गौतम, लीला गिरीलगायत नेताहरूले पनि ओली प्यानलबाट विद्रोह गरेका छन् । लेखराज भट्ट सचिवमा उठ्न नमानेपछि उनलाई उप-महासचिवामा उकालिएको छ भने भानुभक्त ढकाललाई उप-महासचिवबाट सचिवमा झारिएको छ ।

संस्थापन पक्षले अनुशासन आयोगको अध्यक्षमा प्रस्तावित गरेका काशीराज अधिकारीले उम्मेदवारी नै नदिने भएका छन् । नयाँलाई पालो दिनुपर्ने भन्दै उनले उम्मेदवार नबन्ने घोषणा गरेका हुन् ।

ओली क्याम्पबाट भटाभट विद्रोह हुँदा ईश्वर पोखरेल पक्ष हौसिएको छ । ओलीसँग बिच्किएका नेताहरूलाई आफ्नो कित्तामा ल्याउन पोखरेल पक्षका नेताहरू सक्रिय बनेका छन् ।

महासचिवका आकांक्षी पृथ्वीसुब्बा गुरुङ पनि असन्तुष्ट बन्न सक्ने आशंका थियो । तर, उनले संस्थापन पक्षबाटै उपाध्यक्षमा उम्मेदवारी दिएका छन् ।

### रुँदै फर्किए प्रदीप ज्ञवाली

नेकपा एमालेका उपमहासचिव प्रदीप ज्ञवालीले केन्द्रीय सदस्यमा मात्रै उम्मेदवारी दिएका छन् । अध्यक्ष केपी शर्मा ओलीको प्यानलबाट उपाध्यक्षको सूचीमा रहेका ज्ञवालीले महासचिवबाहेक अन्य पदमा आफ्नो इच्छा नरहेको बताएका हुन् ।

स्रोतका अनुसार, आइतबार साँझ गुण्डुमा भएको छलफलमा पनि ज्ञवालीले आफू महासचिव बाहेकको पदमा उम्मेदवारी नदिने अडान लिएका थिए । यद्यपि प्यानल बन्ने बेलामा उनलाई उपाध्यक्षको लिस्टमा राखियो । जसमा उनले सहमति जनाएनन् । भृकुटीमण्डपस्थित बन्दसत्र हलबाट बाहिरिएका ज्ञवाली पछि पुनः मनोनयनका लागि पुगेका थिए । उनी त्यहाँबाट चित्त दुखाएर रुँदै फर्किएका छन् ।

उनले केन्द्रीय कमिटी सदस्यका लागि मनोनयन दर्ता गराएको उनी निकटले बताए । ज्ञवालीले आफू निकटस्थहरूसँग एउटै व्यक्तिलाई दोहोऱ्याइराख्ने प्रवृत्ति उचित नभएको टिप्पणी गरेका छन् । 'म एमालेको पदाधिकारी थिएँ । अब कार्यकर्ता रहन्छु । पार्टीमा सबैलाई प्रतिस्पर्धा गर्ने समान अवसर हुन्छ भन्ने थियो,' निकटस्थहरूसँग ज्ञवालीले भनेका छन्-'एउटै व्यक्तिलाई दोहोऱ्याइराख्ने प्रवृत्ति उचित भएन । मेरो मन एकदमै दुखेको छ ।' उनले आफू पार्टी आन्दोलनमै रहेको पनि बताएका छन् ।

### ओलीबाट अत्यन्तै पीडित भएको गुनासो

नेकपा एमालेको जारी एघारौं महाधिवेशनमा सचिव पदमा आफ्नो दाबी अघि सारेका नेता कृष्णगोपाल श्रेष्ठले अध्यक्ष केपी शर्मा ओलीको साथ छाडेको घोषणा गरेका छन् ।

उनले आफू ओलीको व्यवारिक पक्षबाट अत्यन्तै पीडित भएको घोषणा समेत गरे । उनले आफू पार्टीको चौथो महाधिवेशनदेखि निरन्तर लागिरहेको भन्दै त्यतिबेला पनि सचिवमा उठ्छुभन्दा नाम काटिएको गुनासो समेत गरे ।

'अहिलेको सान्दर्भिकतालाई हेरेर, पार्टीमा चौथो महाधिवेशनदेखि निरन्तर लागिरहेको छु । अहिलेसम्म यो त्यो भनेको छैन । नवौं महाधिवेशनमा नै मैले सचिवमा उठ्नुपर्छ भनेर अध्यक्षज्यूले प्रस्ताव गर्नुभएको थियो । त्यो बेलामा पनि मेरो नाम काटियो । दशौं महाधिवेशन पनि त्यस्तै त्यस्तै भयो ।'- उनले भने । मदन भण्डारीको विचार अघि बढेको पार्टीमा विद्या भण्डारी समेत नअटेको भन्दै उनले गुनासो गरे ।

'मदन भण्डारीको विचारले विकास भएको नेकपा एमालेभित्र विद्या भण्डारी अटेन । योभन्दा अपराध र क्रुरता के हुन्छ ? उहाँजस्तै म पनि थिएँ । तर म पनि अट्न सकिनँ । ओलीको व्यवहारिक पक्षबाट अत्यन्तै पीडित भएँ ।'-श्रेष्ठले भने ।

तत्कालीन प्रधानमन्त्री केपी ओलीले संसद् विघटन गरेपछि बचाउमा उनी खरो रुपमा प्रस्तुत भएका थिए । त्यतिबेला उनी शिक्षामन्त्री समेत थिए ।

ईश्वर पोखरेलको टीममा उपाध्यक्षमा गोकर्ण विष्ट, परशुमेघी गुरुङ, विन्दा पाण्डे, अरुण नेपाल, रघुजी पन्त र टंक कार्कीलाई समेटिएको छ । त्यसमा एक जना बढी भएकाले पछि छलफल गरेर मिलाइने पोखरेल समूहका एक नेताले बताए ।

यस्तै उपमहासचिवमा योगेश भट्टराई, आनन्द पोखरेल र बैजनाथ चौधरीको उम्मेदवारी रहेको छ भने महासचिवमा सुरेन्द्र पाण्डेको उम्मेदवारी रहेको छ ।

यस्तै सचिवमा रचना खड्का, कर्ण थापा, गोकुल बास्कोटा, विनोद ढकाल, कृष्णगोपाल श्रेष्ठ, ठाकुर गैरे, इन्द्रलाल सापकोटा र पुरुषोत्तम पौडेलको उम्मेदवारी रहेको छ ।

## उच्चस्तरीय सरकारी संवाद समिति गठन हुने



बुटवल । सरकारले विभिन्न राजनीतिक दल र सरोकारवालासँग वार्ता गर्न उच्चस्तरीय राजनीतिक संवाद समिति गठन गर्ने निर्णय गरेको छ । सिंहदरबारमा सोमबार बसेको मन्त्रिपरिषद् बैठकले कानुनमन्त्री अनिल सिन्हाको संयोजकत्वमा उच्चस्तरीय राजनीतिक संवाद समिति गठन गर्ने निर्णय गरेको हो ।

समितिको सदस्यमा सञ्चारमन्त्री जगदीश खरेल र प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार अजयभद्र खनाल रहेका छन् ।

## योजना आयोग उपाध्यक्षमा श्रेष्ठ

बुटवल । राष्ट्रिय योजना आयोग उपाध्यक्षमा डा. प्रकाशकुमार श्रेष्ठ नियुक्त भएका छन् । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले योजना आयोगको उपाध्यक्षमा श्रेष्ठलाई नियुक्त गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले बताए । श्रेष्ठ यसअघि शंकर पोखरेल मुख्यमन्त्री हुँदा लुम्बिनी प्रदेश योजना आयोगको पनि उपाध्यक्ष थिए ।

उनकाअनुसार आयोग सदस्यमा प्रा.डा. सुनिती श्रेष्ठ नियुक्त भएकी छन् ।

## निर्वाचन हुँदैन भनेर भ्रम फैल्याउने कुरा सह्य नहुने चेतावनी



बुटवल । गृहमन्त्री ओमप्रकाश अर्यालले निर्वाचन हुँदैन भनेर भ्रम फैल्याउने काम गरे सह्य नहुने चेतावनी दिएका छन् ।

सोमबार पोखरामा आयोजित गण्डकी प्रदेशस्तरीय सुरक्षा गोष्ठीलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

मन्त्री अर्यालले एमालेलाई लक्षित गर्दै निर्वाचनबाट भाग्ने र हुँदैन भनेर भ्रम फैल्याउने र सुशासनलाई कमजोर बनाउने काम गर्नु, गराउन न्यायोचित नहुने बताए ।

'निर्वाचनबाट भाग्ने, निर्वाचन हुँदैन भनी भ्रम फैल्याउने र सुशासनलाई कमजोर बनाउने काम कहीँकतैबाट पनि गर्नु र गराउन न्यायोचित हुँदैन । यो सरकारको निर्माण नै निर्वाचनमार्फत् निर्वाचित सरकारलाई जिम्मेवारी हस्तान्तरण गर्ने उद्देश्य अनुरूप भएको हो ।'- उनले भने ।

उनले वर्तमान सरकार निर्वाचन गराउने गरी बनेको उल्लेख गर्दै त्यस कामलाई सम्पन्न गर्न लागिपरेको बताए ।

मन्त्री अर्यालले तोकिएकै मितिमा निर्वाचन सम्पन्न गराउन र जनताले अनुभूति हुनेगरी निष्पक्ष ढंगबाट कार्य सम्पादन गराउने गरी आवश्यक योजना तयार गरी कार्यान्वयनमा लैजान पनि सुरक्षा निकायहरूलाई निर्देशन दिए ।

मन्त्री अर्यालले जनताले महसुस गर्नेगरी आफ्नो काममा सुधार गर्न पनि सुरक्षा निकायहरूलाई सचेत गराए ।

## प्रभु बैंकका चारजना अझै ५ दिन थुनामा




बुटवल । प्रभु बैंकका प्रमुख कार्यकारी अधिकृत अशोक शेरचन, नायव प्रमुख कार्यकारी अधिकृत मणिराज पोखरेल, प्रमुख कर्जा अधिकृत रिवाश श्रेष्ठ र राजेन्द्र शाक्यको बैंकिङ्ग कसूर मुद्दाको अनुसन्धानको लागि थप ५ दिन म्याद थप भएको छ ।

उच्च अदालत पाटनका न्यायाधीश लालबहादुर कुँवर र न्यायाधीश गीताप्रसाद तिम्सिनाको वाणिज्य इजलासबाट सोमबार थप ५ दिन म्याद थप भएको उच्च अदालत पाटनको प्रशासन शाखाले जनाएको हो ।

करिब एक अर्ब आर्थिक अपचलन गरेको आरोप लगाउदैँ प्रभु म्यानेजमेन्टका अध्यक्ष कुशुम लामाले जाहेरी दिएपछि नेपाल प्रहरी केन्द्रीय अनुसन्धान व्यूरो (सीआइबी)ले उनीहरुलाई नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको छ ।

यसअघि प्रभु ग्रुपका अध्यक्ष देवीप्रसाद भट्टचन समेत यसै प्रकरणमा पक्राउ परेर रिहा भएका थिए ।

## बर्दियाको जनता मावि तीनतारे विद्यालय घोषणा



**सन्तोष पौडेल**
*बर्दिया*

बर्दियाको गेरुवा गाउँपालिका-४ गोला स्थित जनता माध्यमिक विद्यालयलाई तीनतारे विद्यालय घोषणा गरिएको छ । २०१७ सालमा स्थापना भएको विद्यालयले खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी १० वटा सूचक पूरा गरेपछि गाउँपालिकाले प्रमाणीकरण गर्दै औपचारिक रूपमा तीनतारे घोषणा गरिएको हो ।

लुम्बिनी प्रदेशका सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सिनाको प्रमुख आतिथ्यतामा आयोजित कार्यक्रममा मन्त्री तिमिल्सिना, गेरुवा गाउँपालिका अध्यक्ष जमानसिंह के.सी. र उपाध्यक्ष लक्ष्मीकुमारी चौधरीले संयुक्त रूपमा विद्यालयका प्रधानाध्यापक प्रकाश रावल तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रिसु चौधरीलाई तीनतारे प्रमाणीकरण पत्र प्रदान गरेका थिए ।

गेरुवा गाउँपालिकाले विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यविधि निर्माण गरी खानेपानी, शौचालय, सफा-स्वच्छ तथा हरियाली वातावरण, खानाको स्वच्छता, स्वच्छता शिक्षा, महिनावारी स्वच्छता व्यवस्थापन, संस्थागत व्यवस्था र दिगोपना, विपद् जोखिम व्यवस्थापन तथा अनुगमन र जवाफदेहितालगायत १० सूचक निर्धारण गरेको छ ।

वास गेन परियोजनाको सहयोगमा विद्यालयको स्वमूल्याङ्कन र अनुगमनबाट ती सबै सूचक पूरा भएको देखिएपछि प्रमाणीकरण गरिएको प्रधानाध्यापक रावलले बताए । सो अवसरमा विद्यालयलाई तीन तारे घोषणा गर्न सहयोग पुऱ्याउने व्यक्तिहरूलाई सम्मान समेत गरिएको थियो ।

'अपाङ्गता भएका बालबालिका तथा किशोर-किशोरीको पहुँच अभिवृद्धि गर्दै समावेशी सिकाइ वातावरण सिर्जना गर्ने र दिगो विकास लक्ष्य-४ को उपलब्धिमा योगदान पुऱ्याउने उद्देश्यले गेरुवा गाउँपालिकाका विद्यालयहरुमा युके एड र वाटर एडको सहयोगमा नेपाल प्रजनन् स्याहार केन्द्र र राष्ट्रिय अपाङ्ग महासंघ नेपालको प्राविधिक साझेदारीमा वेस संस्थाद्वारा वास गेन्स परियोजना सञ्चालन भइरहेको छ ।



## सम्पादकीय

# बुटवलको अर्थतन्त्रलाई चलायमान बनाऔँ

बुटवललाई आर्थिक केन्द्र बनाइराख्न तहगत सरकारको पहलकदमी आवश्यक छ। मुलुकको मध्य भागमा पर्ने बुटवल तराई र पहाड जोड्ने सम्पर्क शहर हो। विश्व शान्तिका अग्रदूत गौतम बुद्धको जन्मस्थल लुम्बिनी नजिकै रहेको बुटवलको आर्थिक गतिविधि चलायमान बन्दा यस क्षेत्रको अर्थतन्त्र चलायमान बन्ने निश्चित छ। बुटवलको व्यापार पहिलेभन्दा खस्केपछि भविष्यबारे छलफल हुन थालेको छ। व्यवसायिक संघ-संस्थाहरुले खस्केको व्यापार उकास्न छलफल चलाए पनि त्यसको अपेक्षित नतिजा निस्कन सकेको छैन। व्यापार खस्कनुको कारण खोजेर समस्या समाधानको ठोस पहल हुनुपर्नेमा छलफलका श्रृखंला चलाएर मात्रै हुँदैन।

प्रदेश राजधानी बुटवलबाट राप्ती उपत्यका जाँदा यहाँको व्यापार ओरालो लागेको भन्ने निष्कर्ष निकालेर समस्या समाधानको सही विन्दुमा पुग्न सकिंदैन। मुख्य कारण अरु नै छन्, धेरै कारणमध्येको सहायक कारण प्रदेश राजधानी यहाँबाट सर्नु हो। खासमा यहाँ व्यवसायी टिक्ने वातावरण भएन। व्यवसायीले व्यवसाय गर्न सक्ने वातावरण भनेको घरभाडा, उपभोक्तालाई सहज आवागमनको लागि सडक र पार्किङ् हुनुपर्छ। घरभाडा अचाक्ली महँगो भएपछि विस्तारै बुटवलबाट बाहिर निस्कन बाध्य भए व्यवसायी। राजमार्ग चौराहादेखि गोलपार्कसम्मको अस्तव्यस्त सडकले यहाँ बाहिरबाट उपभोक्ता आउन सकेनन्। लामो समयसम्म सहरको सडक अस्तव्यस्त हुँदा व्यापार चौपट हुन्छ भन्ने हेक्का कसैलाई भएन्। कोभिड महामारीले थला परेको व्यापारका बारेमा जानकार हुँदाहुँदै यहाँका धरधनीले सटर भाडामा सहुलियत दिएर व्यवसायीलाई टिकाउन पटक्कै ध्यान दिएनन्। उद्योगी व्यापारीका नेताहरुको घरमा बसेका व्यवसायीले पनि राहत पाउन सकेनन्। शहरमा पार्किङ्को चर्को समस्या छ। पार्किङ् व्यवस्थापनमा पटक्कै ध्यान पुगेन्। अहिले शहरका सटर धमाधम खाली हुन थालेपछि बल्ल बुटवललाई कसरी गुल्जार बनाउने भन्ने चिन्ता हुन थालेको छ। सटरको चर्को भाडा घटाएर व्यवसायीलाई टिक्ने वातावरण बनाउन सक्दा सहर गुल्जारको सुरुवात हुनसक्छ। आर्थिक मन्दीको मारमा सिंगो देश परिरहेका बेला बुटवल पनि पर्ने नै भयो। देश आर्थिक मन्दीबाट मुक्त हुँदा बुटवलले मुक्ति पाउँछ कि पाउँदैन भन्ने प्रश्न महत्वपूर्ण छ। तसर्थ बुटवलमा व्यापार गरेर कमाउन सक्ने वातावरण छ भन्ने अनुभूति व्यापारीलाई हुनुपर्छ।

भरतपुर पछिल्ला केही वर्षयता स्वास्थ्यको हब भएको छ। केही मेडिकल कलेज र अस्पतालको स्थापनाले चितवन मेडिकल हबको पहिचान बनाउन सफल भयो। बुटवल पनि शिक्षा र स्वास्थ्यको हब बन्न सक्छ। अहिले देशका उत्कृष्ट दश विद्यालयमध्ये कालिका मानवज्ञानसहित केही विद्यालय बुटवलका हुनु यहाँको गौरव हो। वर्षेनी देशभरबाट ठूलो संख्यामा बुटवलका विद्यालय अवलोकन गर्न आउँछन्। संस्थागत विद्यालयमा पनि बुटवल उत्कृष्ट भइरहेको छ। यहाँका शैक्षिक संस्थामा अध्ययन गर्ने विद्यार्थी स्थानीय मात्रै नभई विभिन्न जिल्लाबाट आएका हुन्। बुटवललाई गुल्जार बनाउन यहाँका शैक्षिक संस्थाको महत्वपूर्ण योगदान रहेको छ। त्यसैगरी, स्वास्थ्यमा पनि बुटवलले फड्को मार्दैछ। अत्याधुनिक सुविधा सहित १२ सय शैयामा बन्न लागेको लुम्बिनी प्रादेशिक अस्पतालले आशा जगाएको छ। यो अस्पताललाई गुणस्तरीय सेवासहित सञ्चालन गर्न सक्दा बुटवल स्वास्थ्यको हब बन्न सक्छ।

अहिले निर्माण भएका विकास आयोजना छिटो कार्यान्वयन गर्न सक्दा यहाँको अर्थतन्त्रलाई चलायमान बनाउन बल पुग्नेछ। विकास आयोजनालाई तोकिएको समयसीमामै सम्पन्न गर्न उप-महानगरपालिकाले निगरानी बढाउन आवश्यक छ।

# प्रधानमन्त्री–जेनजी सहमतिका घातक पक्ष र अबको विकल्प



**युवराज घिमिरे**

> दलहरूले के गर्छन्, त्यो आगामी दिनमा स्पष्ट हुनेछ। दलहरूले राजसंस्थालाई अभिभावकीय भूमिकामा ल्याएमा अन्तर्राष्ट्रिय जगतलाई यो कुरा स्वीकार्य हुनेछ किनकि गणतन्त्रका कारण नेपालमा उनीहरूको उपस्थिति बढे पनि सम्मान र स्वीकार्यता धेरै घटेको छ। सम्भवतः त्यही अनुपातमा नेपालको हैसियत गिरेको छ। नेपालको अस्थिरताका लागि उनीहरू कम जिम्मेवार छैनन्।

इतिहासबाट नसिक्नेहरू अभिशप्त वर्तमान तथा भविष्य निर्माणमा खलनायक बन्न पुग्छन्। अरूको गल्ती र इतिहासबाट सही पाठ सिक्नेहरू आफ्नै र पछिल्लो पुस्तालाई विविध दुर्घटनाबाट बचाउन सक्छन्।

पछिल्लो चरित्रले सबैलाई राजनेता नबनाउला, तर त्यस्ता व्यक्ति समाज सुधारक र असल नागरिक बन्न सक्छन्। त्यस्ता व्यक्तिको अभाव र न्यूनताका कारण हाम्रो मुलुक र समाज अनियन्त्रित र अराजकताको भुमरीमा फस्दो छ।

निर्वाचन प्रजातान्त्रिक प्रक्रियाको महत्वपूर्ण अंश हो, तर प्रजातन्त्रको सबै विकृतिको अचुक र एक्लो औषधि त्यो हुन सक्दैन। जेनजी आन्दोलनले केपी ओली सरकारको पतन सुनिश्चित गऱ्यो र एउटा अप्रत्यासित सन्दर्भमा भ्रष्टाचार अनि दण्डहीनताको संस्कृतिको अन्तका आसपासका साथ फागुन २१ गते चुनाव सम्पन्न गर्ने अभिभाराका साथ जेनजी अनुमोदनमा सुशीला कार्कीलाई दिइयो प्रधानमन्त्रीका रूपमा ६ महिनाका लागि। अर्थात् ठूलो भारी बोक्न तयार भइन् उनी।

उनले पाएको समय छोटो र कठिन भए पनि त्यो आत्मविश्वास र राष्ट्रप्रतिका दायित्वबाट प्रेरित कदम थियो या एउटा महत्वाकांक्षी रहर, भविष्यले र उनको भावी कदमहरूले देखाउनेछ।

जेनजी आन्दोलनको परिवेशमा राजगद्दीमा फर्कन आएको निम्तोलाई राष्ट्रिय सहमति बनेमा सहर्ष स्वीकार गर्ने सन्देश दिएर ज्ञानेन्द्र शाहले हाललाई त्यसलाई थाँती राखे। त्यस्तै, नेपाली सेनासमक्ष सत्ता हातमा लिने या आन्दोलनकारी शक्तिको वर्चस्व स्थापित हुने गरी नागरिक सरकार गठनमा सहयोगी भूमिका खेल्ने विकल्प थिए। उसले बुद्धिमानीपूर्ण तरिकाले दोस्रो विकल्प रोज्यो।

सरकारका तीन महिनाका निर्णय तथा गतिविधिबारे आमजनतामा फरक मत या धारणा बनेका छन्। कांग्रेस तथा एमाले र उनीहरूसँग आबद्ध अन्य समूहले संसद विघटन र कार्कीको प्रधानमन्त्री नियुक्तिलाई कानुनी रुपमा स्वीकार गरेका छैनन्। त्यो अस्वाभाविक हैन राजनीतिक रुपमा विभाजित समाजमा तर मंसिर २४ गते जेनजी उमेर समूहको एउटा सानो पक्षसँग १० बुँदे लिखित सहमति गरेर कार्कीले गिरिजाप्रसाद कोइराला र पुष्पकमल दाहालले ०६४ मंसिरमा जस्तै गल्ती गरेकी छन्।

जेनजी विरोध प्रदर्शनलाई 'जनआन्दोलन' स्वीकार गरेर त्यो समूहबाट भएका हिंसाका घटनालाई 'क्षम्य' घोषणाले 'जेनजी आन्दोलन' जनताबाट हैन एउटा ६ महिने अन्तरिम सरकारको 'सर्टिफिकेट' को चुरीफुरीमा रमाउन चाहेको देखिएको छ।

कोइराला-प्रचण्ड सहमतिले शान्तिप्रक्रियालाई दुई मित्रशक्तिबीचको समझदारीका रूपमा संकुचित बनाएको थियो। द्वन्द्वको एउटा पक्ष अर्थात् कांग्रेस, एमालेलगायत दलले माओवादीसमक्ष आत्मसमर्पण गरेको सन्देश दियो त्यो सहमतिले भने द्वन्द्वको अर्को पक्ष राजसंस्था र परम्परावादी शक्तिलाई शान्ति, राजनीतिक र संविधानलेखन प्रक्रियाबाट निषेध गरेर लामो समयसम्मका लागि राजनीतिक बेथिति र अशान्ति सुनिश्चित गरायो मुलुकमा।

हिजोको प्रधानमन्त्री-जेनजी सहमतिले भदौ २३-२४ आन्दोलन र भ्रष्टाचारविरुद्धको त्यो आन्दोलन चोइटिएको छ, खण्डित भएको छ। एउटा सानो समूहले समग्र एजेण्डा अपहृत गरेको छ, अरुको बाटो छेकेर।

१० बुँदे सहमतिमार्फत् जनाइएको प्रतिबद्धता दुई साना समूहबिचको समझदारी हो। समग्र मुलुक या भावी सत्ता या शक्ति त्यसको अपनत्व लिन बाध्य हुने छैनन्। कार्की वर्तमान संविधानको नब्यूँतिने लासमा टेकेर नै प्रधानमन्त्री बनेकी हुन्। निर्वाचन फागुन २१ मा भइहाले पनि त्यसले जन्माउने संसदलाई नयाँ संविधान निर्माण गर्ने जनादेश छैन।

त्यो जनादेशका लागि राष्ट्रिय सहमति र समझदारीबाट मात्र आउन सक्छ। त्यस्तै एउटा सत्ता पल्टाएकै भरमा जेनजी आन्दोलनको एउटा समूहले प्रधानमन्त्रीको कमजोरीलाई प्रयोग गरी आफ्नो अर्थहीन हैसियत उकास्नुको साटो नयाँ संविधान निर्माण र त्यसको अन्तरवस्तु छनोटमा राष्ट्रको मौलिक आवश्यकताको पहिचान र सुनिश्चिततासँगै सबै पक्षलाई त्यो अभ्यासमा ल्याउने प्रयासमा जुट्नु धेरै बुद्धिमानी हुनेछ।

०६२ को १२ बुँदेले मुलुकको आन्तरिक राजनीतिक स्वायत्तता खोजी विदेशीको पोल्टामा हालेको थियो। बाह्य हस्तक्षेपमै राजसंस्था समाप्त गरिएको तथ्यलाई समेत वर्तमान सत्ता र जेनजी समूह बुझ्न र त्यसलाई सम्बोधन गर्न चाहँदैन भने जेनजीको राजनीतिक सुझबुझबारे आशावादी बन्न सकिन्न। त्यसको अर्थ हो जेनजी राजनीतिबारे या त अनभिज्ञ छ, या बाहिरी शक्तिकै हालीमुहालीको निरन्तरता चाहन्छ नेपालमा।

मुलुकको स्वतन्त्र हैसियत, समृद्धि र स्वाभिमानका लागि योभन्दा दुःखद के हुन सक्छ। वास्तवमा, यो चरण संविधानको विकल्पबारे सोच्ने अवसर हो। केपी ओलीले प्रधानमन्त्री पद गुमाए पनि विकल्प उनले आफ्नै गल्तीबाट मुलुकको स्थायित्वमा ठूलो योगदान पुऱ्याउने दायित्व र क्षमताबारे उनी सचेत रहनु आवश्यक छ। वास्तवमा यसबारे आत्ममन्थन गर्दा पूर्वराजा ज्ञानेन्द्र शाहलाई उदाहरण मान्न सक्छन् उनले।

१९ वर्षसम्म मान, अपमानमा समभाव अनि राष्ट्रहितमा सतत सचेत रही उनले राजाभन्दा नागरिकको हैसियत सानो हुँदोरहेनछ भन्ने उदाहरण प्रस्तुत गरे।

'म भागेको होइन, केही युवालाई खुसी बनाउन भागेजस्तो गरेको' भन्ने कथन होइन अभिमान र दम्भलाई तिलाञ्जलि दिएर, अनि जेनजी नरसंहारप्रति कारुणिक पश्चात्ताप गरेर उनी आफ्नो अनुभवको क्षमता बोकेर राष्ट्रलाई सही दिशा दिन सहायक भूमिकामा उत्रिए भने त्यो मुलुकका लागि सर्वाधिक ठूलो उपलब्धि सावित हुनेछ।

कांग्रेस सभापति शेरबहादुर देउवाले आफ्नै नेताले लिनुपर्ने दायित्वबाट भागे पनि संकट र अनिश्चितताको यो घडीमा बीपी, गणेशमान र कृष्णप्रसाद भट्टराईले अंगीकार गरेको राष्ट्रिय मेलमिलापको नीतिलाई बोकेर राष्ट्रको स्वतन्त्र अस्तित्वका लागि संवैधानिक राजसंस्था र प्रजातान्त्रिक शक्ति बीचको सहकार्यका लागि बलियो जग हाल्न अग्रणी भूमिका खेल्न सक्थे।

देउवा र ओलीको सहकार्य सत्ताका लागि होइन, राष्ट्रनिर्माण, स्वतन्त्र अस्तित्वको सुनिश्चितता र प्रजातन्त्रको सुदृढीकरणका लागि बढी वाञ्छनीय छ आजको सन्दर्भमा।

सत्ताको सर्वोपरिता र प्रजातान्त्रको मूल्यमा सम्झौता उनको बाध्यता बनेको छ। बाबुराम भट्टराई हिजो जुन बाह्य शक्तिको गोटी बनेका थिए, आज ती व्यक्ति भारतीय संस्थाबाट बाहिरिए पनि तिनको आशीर्वाद खोज्न दिल्ली यात्रामा जान लागेका छन् उनी।

वास्तवमा प्रधानमन्त्री र जेनजीबीचको १० बुँदेको भाषा र प्रस्तुति हेर्दा त्यसमा नेपाली स्वार्थ र हितको मसीको सुगन्ध आउँदैन। नेपालीलाई बाहिर राखेर नेपाली राजनीतिमा विदेशी मार्गदर्शकको हस्तक्षेप खोज्ने १२ बुँदे चरित्रले निरन्तरता पाएमा यो चुनावले दासत्वको अनुमोदन मात्र गर्नेछ। त्यसैले कार्की-जेनजीबीच हालैको सहमतिको समीक्षा आवश्यक बन्न पुगेको छ। तर, त्योभन्दा बढी महत्वपूर्ण भावी संविधानको एजेन्डाबारे व्यापक छलफल, स्पष्टता र समझदारी हो।

विदेशी दबाबमा संविधानसभा पहिलो बैठकबाट असंवैधानिक तरिकाबाट अन्तको घोषणा गरिएको राजसंस्थालाई निर्वाचित संसदको पहिलो बैठकले राजगद्दीमा फर्काउने निर्णय गरी सम्भवतः दलहरूले भावी शान्ति र स्थायित्वको मार्ग प्रशस्त गर्न सक्ने छन्। जेन्जी आन्दोलनलगत्तै ज्ञानेन्द्र शाहले राष्ट्रिय सहमतिमा आधारितको एजेन्डा बनेमा आफू त्यसका लागि तयार रहेको सन्देश दिएर स्थायित्व र राष्ट्रको अस्तित्वमा आफू संलग्न रहने अठोटमा उनी कायम देखिन्छन्।

दलहरूले के गर्छन्, त्यो आगामी दिनमा स्पष्ट हुनेछ। दलहरूले राजसंस्थालाई अभिभावकीय भूमिकामा ल्याएमा अन्तर्राष्ट्रिय जगतलाई यो कुरा स्विकार्य हुनेछ किनकि गणतन्त्रका कारण नेपालमा उनीहरूको उपस्थिति बढे पनि सम्मान र स्विकार्यता धेरै घटेको छ। सम्भवतः त्यही अनुपातमा नेपालको हैसियत गिरेको छ। नेपालको अस्थिरताका लागि उनीहरू कम जिम्मेवार छैनन्।

ओली, देउवा र प्रचण्ड अनि उपेन्द्र यादव, महन्थ ठाकुर र राजेन्द्र महतोले यो कुरा बुझे भने २० वर्षयताका उनीहरूका सय खत वा पाप मोचन हुनेछ। र, राष्ट्रको स्थायित्व र आर्थिक समृद्धि सुनिश्चित हुनेछ। यो जेनजी मात्र होइन, विभिन्न उमेर समूहका लागि पनि ठूलो पाठ बन्नेछ।

देश सञ्चारबाट

# सामान्य अङ्कले बढ्यो नेप्से परिसूचक



काठमाडौँ। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सोमबार सामान्य अङ्कको सुधार देखिएको छ। नेप्से परिसूचक छ दशमलव ७४ अङ्कले बढेर दुई हजार ६०१ दशमलव ६१ को बिन्दुमा कायम भएको हो।

३२९ कम्पनीको ७७ लाख ५७ हजार ६२५ कित्ता शेयर ५६ हजार १२२ पटक खरिदबिक्री हुँदा रु तीन अर्ब ४४ करोड १९ लाख तीन हजार ७७० बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

कारोबारमा बैंकिङ शून्य दशमलव ७२, विकास बैंक शून्य दशमलव ३३, वित्त शून्य दशमलव ९०, जनविद्युत् शून्य दशमलव ०६, जीवन बिमा शून्य दशमलव ३०, उत्पादन तथा प्रशोधन शून्य दशमलव ५७, निर्जीवन बिमा शून्य दशमलव ०७ र व्यापार समूह शून्य दशमलव २७ प्रतिशतले बढेको छ। अरु सबै समूहको उपसूचक घटेको छ। होटल तथा पर्यटन शून्य दशमलव ११, लगानी शून्य दशमलव ०८, म्युचुअल फण्ड शून्य दशमलव ११ र अन्य समूह शून्य दशमलव १७ प्रतिशतले घटेको छ।

स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड र एसवाई प्यानल नेपाल लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै गुमाउनेमा भने हिमस्टार ऊर्जा कम्पनी लिमिटेडको शेयर मूल्य छ दशमलव ९५ प्रतिशतले घटेको छ।

# जाडो मौसममा बच्चालाई कसरी सुरक्षित राख्ने ?

**दिपु सिंह राजपुत**

जाडो मौसम सुरु भएसँगै वातावरण चिसो, सुख्खा र स्वास्थ्यका लागि चुनौतीपूर्ण बन्छ। यस मौसममा विशेषगरी शिशु तथा साना बच्चाहरू बढी जोखिममा पर्छन्।

बच्चाको रोग प्रतिरोधात्मक क्षमता पूर्ण रूपमा विकास भइसकेको हुँदैन, जसका कारण उनीहरू रुघाखोकी, निमोनिया, ज्वरो, छालाको समस्या जस्ता विभिन्न रोगहरूको सिकार हुन सक्छन्। त्यसैले जाडो मौसममा बच्चालाई सुरक्षित राख्न अभिभावकले विशेष सावधानी अपनाउनु अत्यन्त आवश्यक हुन्छ।

**१. न्यानो कपडाको सही प्रयोग**

जाडोमा बच्चालाई न्यानो राख्नु सबैभन्दा पहिलो र महत्वपूर्ण उपाय हो। बच्चालाई एकैचोटि धेरै बाक्ला कपडा लगाउनु भन्दा तह-तहमा कपडा लगाउनु उपयुक्त हुन्छ।

यसले शरीरको तापक्रम सन्तुलनमा राख्न मद्दत गर्छ। ऊन वा फ्लिसका कपडा, टोपी, कान ढाक्ने क्याप, मोजा र पञ्जा प्रयोग गर्नु राम्रो हुन्छ। टाउको र खुट्टा राम्रोसँग ढाकिएन भने बच्चालाई चिसो चाँडै लाग्न सक्छ।

**२. बच्चाको कोठा न्यानो र सुरक्षित राख्ने**

बच्चा बस्ने कोठा हावाहुरी नछिर्ने, सफा र न्यानो हुनुपर्छ। झ्यालढोका राम्रोसँग बन्द गरेर चिसो हावा प्रवेश गर्न नदिनुपर्छ। यदि हिटर प्रयोग गर्नुपरेमा अत्यधिक तातो नबनाई सन्तुलित तापक्रम कायम गर्नुपर्छ। कोठामा धुवाँ वा धुलो जम्न नदिने व्यवस्था पनि आवश्यक छ, किनकि यसले बच्चाको श्वासप्रश्वासमा समस्या ल्याउन सक्छ।

**३. नुहाउने क्रममा विशेष ध्यान**

जाडो मौसममा बच्चालाई नुहाउँदा समय र पानीको तापक्रममा विशेष ध्यान दिनुपछ। बिहान सबेरै वा धेरै चिसो बेला नुहाउनु उपयुक्त हुँदैन।

हल्का न्यानो पानी प्रयोग गरी छोटो समयमा नुहाइदिनु राम्रो हुन्छ। नुहाएपछि तुरुन्तै शरीर पुछेर न्यानो कपडा लगाइदिनु अत्यन्त आवश्यक छ।

**४. छालाको सुरक्षा**

जाडो मौसममा हावा सुख्खा हुने भएकाले बच्चाको छाला सुख्खा हुने, चिलाउने वा फुट्ने समस्या देखिन सक्छ। यसबाट बच्न बच्चाको छालामा नियमित रूपमा बेबी लोशन, मोइस्चराइजर वा तेल लगाउनु पर्छ। नुहाइसकेपछि र सुत्नुअघि हल्का मालिस गर्दा छाला नरम रहन्छ र रक्तसञ्चार पनि राम्रो हुन्छ।

**५. पोषणयुक्त र न्यानो आहार**

नवजात शिशुका लागि आमाको दूध सबैभन्दा उत्तम आहार हो। आमाको दूधले बच्चालाई आवश्यक पोषणका साथै रोगसँग लड्ने शक्ति प्रदान गर्छ।

ठूला बच्चाहरूलाई जाडोमा न्यानो र पोषणयुक्त खाना जस्तै दलिया, खिचडी, सुप, सागसब्जी, दूध, फलफूल दिनु उपयुक्त हुन्छ। धेरै चिसो खानेकुरा वा फ्रिजका सामग्री बच्चालाई दिनु हुँदैन।

**६. रुघाखोकी र निमोनियाबाट बच्ने उपाय**

जाडो मौसममा रुघाखोकी र निमोनिया हुने सम्भावना बढी हुन्छ। बच्चालाई चिसो हावा, धुलो र धुवाँबाट टाढा राख्नु पर्छ। रुघाखोकी लागेको व्यक्तिसँग बच्चाको सम्पर्क कम गराउनु राम्रो हुन्छ।

बच्चालाई बाहिर लैजाँदा मुख र नाक ढाक्ने व्यवस्था मिलाउनु पनि लाभदायक हुन्छ।

**७. ज्वरो आएमा बेवास्ता नगर्ने**

जाडो मौसममा बच्चालाई ज्वरो आउन सक्छ, जुन कहिलेकाहीँ गम्भीर रोगको संकेत पनि हुन सक्छ।

बच्चालाई ज्वरो आएमा घरेलु उपायमै सीमित नरही चिकित्सकको सल्लाह लिनु आवश्यक हुन्छ। समयमै उपचार गरेमा ठूलो समस्याबाट बच्न सकिन्छ।

**८. सरसफाइ र हात धुने बानी**

संक्रमणबाट बच्न सरसफाइ अत्यन्त महत्वपूर्ण हुन्छ। बच्चाको हात, मुख र प्रयोग गर्ने सामग्री सफा राख्नुपर्छ। बच्चालाई नियमित रूपमा साबुन पानीले हात धुन सिकाउनु संक्रमणबाट बच्ने प्रभावकारी उपाय हो।

**९. घाम ताप्ने बानी**

जाडो मौसममा बिहानको हल्का घाम बच्चाका लागि धेरै फाइदाजनक हुन्छ। घामले शरीर न्यानो राख्नुका साथै भिटामिन 'डी' प्राप्त गर्न मद्दत गर्छ, जसले हड्डी बलियो बनाउँछ। तर धेरै चिसो हावा चलेको बेला बाहिर लैजानु हुँदैन।

**१०. सुत्ने व्यवस्था सुरक्षित बनाउने**

बच्चाको ओछ्यान सफा, सुक्खा र न्यानो हुनुपर्छ। बाक्लो ओढ्ने प्रयोग गर्दा बच्चाको मुख नछोपिने गरी ध्यान दिनु पर्छ। नवजात शिशुका लागि अत्यधिक ओढ्ने र तकिया प्रयोग गर्नु सुरक्षित हुँदैन।

स्वास्थ्य खबरबाट

# खेतीयोग्य बारी बाँझिदै गएपछि बागलुङमा कोदो उत्पादन घट्यो



ढोरपाटन । खेतीयोग्य बारी बाँझिदै जान थालेपछि बागलुङमा हरेका वर्ष कोदो उत्पादन घट्दै गएको छ। किसानले कोदोखेती गर्न छोडेर जमिन बाँझो राख्न थालेपछि उत्पादनमा कमी आएको हो। पहिले खेती गर्ने बारीमा हिजोआज किसानले किबी, सुन्तला, कागतीलगायत फलफूलखेती गरेका छन् भने कतिपय जमिन बाँझै छन्।

जिल्लास्थित कृषि ज्ञानकेन्द्रका अनुसार अघिल्लो वर्ष जिल्लामा १० हजार ८०० मेट्रिकटन कोदो उत्पादन भएको थियो। यसवर्ष उत्पादन घटेर १० हजार ७३१ मेट्रिकटन भएको केन्द्रका निमित्त प्रमुख कुमार पुनमगरले जानकारी दिए। उनका अनुसार गत वर्ष आठ हजार ४६० हेक्टरमा कोदोखेती भएको थियो भने यस वर्ष आठ हजार ४५० हेक्टरमा खेती लगाइएको थियो।

बर्सेनि जिल्लामा कोदो उत्पादनमा कमी आइरहेको केन्द्रका निमित्त प्रमुख पुनमगरले बताए। कोदोखेती गर्ने क्षेत्र घट्दा उत्पादन पनि घटेको उनको भनाइ छ। पछिल्लो समय किसान कोदोखेती छोडेर नगदेबालीतर्फ आकर्षित भएका उनको भनाइ छ।

कृषि ज्ञानकेन्द्रले किसानलाई रैथाने बाली तथा स्थानीयखेतीतर्फ आकर्षित गर्नका लागि प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने तयारी गरिरहेको पुनमगरले जानकारी दिए। अहिले कोदोको माग अत्यधिक बढेपछि बाहिरबाट आयात गर्नुपरेको उनको भनाइ छ।

"पछिल्लो केही वर्षको तथ्याङ्क हेर्दा हरेक वर्ष कोदोको उत्पादन घटेको देखिन्छ, किसानले परम्परागत खेती गर्न विस्तारै छोड्दै छन्। खेती गर्ने क्षेत्र घट्दा उत्पादनमा गिरावट आएको देखिन्छ", पुनमगरले भने-"अहिले धेरै किसानले कोदो फल्ने बारीमा कागती, सुन्तलालगायत नगदेबाली लगाउन थालेका छन्।"

ग्रामीण क्षेत्रका पाखोबारीमा काम गर्ने जनशक्ति पाइन छोडेपछि कोदोखेती कम हुन थालेको स्थानीय बताउँछन्। कुनैबेला कम खपत हुने बालीका रूपमा रहेको कोदो अहिले सहरबजारका ठूलाठूला होटल तथा रेष्टुरेण्टमा माग हुने गर्दछ। ग्राहकको माग बढ्न थालेपछि होटल सञ्चालकले ग्रामीण क्षेत्रबाट कोदो मगाउन थालेका छन्। मागअनुसार कोदो पाउन मुस्किल पर्ने गरेको होटल व्यवसायी तुलबहादुर थापामगरले बताए। जाडोका बेला ढिँडोका र अन्यबेला कोदोकै सेलरोटीको माग बढी आउने गरेको उनको भनाइ छ।

थापाले भने-"सहरबजारबाट आउने पाहुनाले कोदोको ढिँडो भनेर हैरानै पार्छन्, गाउँमा कोदो पाउन छोड्यो, पहिले कोदोको ढिँडो पनि के खानु र भन्थे। अहिले त्यही ढिँडो महत्वपूर्ण बनेको छ। गाउँका बारी जति सबै बाँझो हुँदै गएका छन्, सहरबजारमा बस्नेले ढिँडो खोज्छन्।"

गाउँमा काम गर्ने जनशक्ति नपाउँदा कोदो फलाउने बारी बाँझोमा परिणत हुँदै गएको जैमिनी नगरपालिका-८ श्यामबहादुर थापाले बताए। एकदशक अगाडिसम्म गाउँमा बजारबाट चामल ल्याउन समस्या हुने गरेको भन्दै उनले कोदोको ढिँडो र रोटी खाएर जीविकोपार्जन गर्ने गरिएको स्मरण गरे। उनका अनुसार पहिले कोदोखेती हुने पाखोबारी अहिले सबै बनमाराले ढाकिएको छ।

# ज्यामिरे वनको साढे दुई करोडको योजना पारित



देवदह । आर्थिक वर्ष २०८२/०८३ को लागि दुई करोड पचास लाख ७७ हजारको योजना पारित गर्दै ज्यामिरे सामुदायिक वन उपभोक्ता समूह सुनवलको छैठौं वार्षिक साधारण सभा सम्पन्न भएको छ।

साधारणसभामा वार्षिक योजना प्रस्तुत गर्दै समूहका अध्यक्ष टिचन गुरुङले वन संरक्षण, वन विकास, सम्वर्द्धन, सदुपयोग र भूसंरक्षणको लागि एक करोड ३१ लाख, गरिबी निवारण तथा आयमुलकको लागि ५० लाख १५ हजार, प्रशासनिकतर्फ २५ लाख ७ हजार, क्षमता अभिवृद्धितर्फ २५ लाख ७ हजार र सामुदायिक तथा संस्थागत विकासतर्फ ५० लाख १५ हजार गरी दुई करोड ५० लाख ७७ हजारको योजना प्रस्तुत गरेका थिए।

कार्यक्रममा डिभिजन वन कार्यालय नवलपरासीका वन अधिकृत राजु क्षेत्रीले सामुदायिक वनहरुले कार्ययोजनाअनुसार काम गर्नुपर्नेमा जोड दिए।

उनले वनको संरक्षण, सम्वर्द्धनसँगै सही सदुपयोग गर्न आग्रह गर्दै वनलाई डढेलो, चोरी निकासीबाट बचाउनको लागि उपभोक्ताहरु सचेत हुनु पर्नेमा जोड दिए। उनले वन व्यवस्थापनको लागि सबै नागरिक जिम्मेवार बन्नु पर्ने बताउँदै वनलाई आयश्रोतसँग जोड्न आग्रह गरे। उनले वनको संरक्षण, सम्वर्द्धनसँगै विकास निर्माणमा स्थानीय तहसँग समन्वय गरेर सामुदायिक वन अगाडि बढ्न आवश्यक रहेको बताए।

समूहका अध्यक्ष टिचन गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा सामुदायिक वन महासंघका केन्द्रीय सदस्य कमल परियार, सुनवल नगरपालिका-७, का वडाध्यक्ष नारायण आचार्य, सुनवल सवडिभिजन वन कार्यालयका मणिराम खनाल, सामुदायिक वन महासंघ नवलपरासीका अध्यक्ष सारदा पोखरेल, समूहका सल्लाहकार संयोजक वसन्त दहाल, सामुदायिक वन महासंघ रुपन्देहीका अध्यक्ष सुमित्रा आर्चाय, लोकेश्वर बैरागीनाथ खानेपानीका गुप्तबहादुर केसीलगायतले बोल्दै प्रदेश वन ऐन परिमार्जन गर्न आवश्यक रहेकोमा जोड दिएका थिए। कार्यक्रममा सचिव अमरबहादुर चौधरीले प्रगति प्रतिवेदन, लेखा संयोजक मोहनीलाल न्यौपानेले लेखा प्रतिवेदन प्रस्तुत गरेका थिए। समूहका उपाध्यक्ष नारायणप्रसाद गौडेलको स्वागत र सचिव अमरबहादुर विकको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो।

## भूमिकास्थानको प्रशासनिक भवन बन्ने

बुटवल । अर्घाखाँचीको भूमिकास्थान नगरपालिकामा प्रमुख प्रशासनिक भवन बन्ने भएको छ। जिल्लाका ५ पालिकामा प्रमुख प्रशासनिक भवन निर्माण सम्पन्न हुँदा त्यहाँ यो आर्थिक वर्षमा ठेक्का प्रक्रिया अघि बढेको छ।

८ करोड ९० लाख मा ठेक्का सम्झौता भएको नगरपालिकाका योजना शाखा प्रमुख हरिशचन्द्र भुसालले जानकारी दिए। वडा नम्बर ८ नुवाकोटमा रहेको नगरपालिकाको अस्थायी भवन नजिकै भवन बन्न लागेको हो।

२ वर्षभित्रमा काम सम्पन्न हुने गरी निर्माण कम्पनी खनाल बदर्श अर्घाखाँचीसँग सम्झौता भएको भुसालले जानकारी दिए। नयाँ संरचनाको भवन बनेपछि सेवा प्रभाहमा पनि सहज हुने त्यहाँका नागरिको भनाइ छ।

## सच्चाईएको सूचना ।

यस राष्ट्रिय दैनिक लुम्बिनी पत्रिकामा मिति २०८२/०८/२९ गतेमा प्रकाशित माउण्ट एभरेष्ट डिष्टिलरी लि.को मूल्य सूची सम्बन्धी सूचनामा distributors price हुनुपर्नेमा distributors र distributors Comm. हुनुपर्नेमा distributors price भएकोले सच्चाईएको छ।


## सम्मरीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फरेना, रुपन्देही

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति २०८२/०८/२९)

यस कार्यालयबाट मिति २०८२/०६/३१ गतेका दिन आह्वान गरिएको तपशिल बमोजिमको ठेक्कामा प्राप्त बोलपत्रहरुमध्ये निम्नानुसार बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भै स्वीकृतीको लागि सिफारिस हुन आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ उक्त बोलपत्रसँग सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ

तपशिल

| S.N | Contract Identification No. | Name of Contract | Name of Lowest Evaluated Substantially Responsive Bidder | Bid Price of Lowest Evaluated Substantially Responsive Bid (including VAT and PS) |
|---|---|---|---|---|
| 1 | 02/SRM/NCB/Work/082/083 | Chotki Ramnagar Parsahawa hudai Nibihawa Gigna Marchawar Bangai Sadak Kalopatre and Sammarimai 6 Pokhrahawa Siddhanath Ramnagar Jane Sadak Kalopatre garne Kam | M/s Sambhav–Rameshwor–Bageshwari J.V.,Rolpa. | Nrs 3,08,78,727.62 |

प्रमुख प्रशासकीय अधिकृत



## श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय गंगापुर, भैसकुण्डा
मायादेवीः-२, कपिलबस्तु

### शिक्षक आवश्यकता सम्बन्धी सूचना

प्रकाशित मिति : २०८२।०८।२८

उपरोक्त सम्बन्धमा यस मायादेवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पकडी, कपिलवस्तुको पत्र संख्या ०८००८३ च नं ५१ मिति २०८२।०४।१४ गते माध्यमिक तह (९-१०), पत्र संख्या ०८२०८३, च.नं. ७१५ मिति २०८२।०८।२६ गते निम्न माध्यमिक तह (६-८) को प्राप्त अनुमति पत्रानुसार तथा यस विद्यालय व्यवस्थापन समितिको मिति २०८२।०८ ।२६ गते बसेको बैठकको निणायनुसार शिक्षक पदपूर्तिको लागि योग्यता पुगेको इच्छुक नेपाली नागरिकहरुबाट तपसिलमा तोकिएको शर्त र समयभित्र दरखास्त दिन आह्वान गरिन्छ।

तपसिल

| क्र.सं | विज्ञापन नं. | तह | बिषय | पद संख्या | किसिम | शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ०१/०८२/०८३ | मा.वि. | विज्ञान | १ (एक) | शिक्षण सिकाइ अनुदान(संघीय) | सम्बन्धित विषयमा वि.एड वा सो सरह | पुनः विज्ञापन |
| २ | ०२/०८२/०८३ | नि.मा. | गणित | १(एक) | शिक्षण सिकाइ अनुदान(संघीय) | सम्बन्धित विषयमा आइ.एड वा सो सरह | |

३. तलव नेपाल सरकारको प्रचलित तलब स्केल बमोजिम।
४. परीक्षा दस्तुर :
-मध्यमिक तह : रु. १५०० (एक हजार पाँच सय मात्र)
-निम्न मध्यमिक तह : रु.१००० (एक हजार मात्र)
५. परीक्षाको किसिम : लिखित र मौखिक
६ . उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।
७. दरखास्त दिने अन्तिम मिति : २०८२।०९।१३ गते ४:०० बजे सम्म।
८. सम्पर्क मिति : २०८२।०९।१४ गते
९. परीक्षा मितिः सम्पर्क मितिको दिन तोकिने छ।
१०. निवेदन साथ संलग्न गर्नु पर्ने आवश्यक कागजातहरु।
-नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि थान - २
-शैक्षिक योग्यता सम्पूर्ण प्रमाणपत्रहरुको प्रतिलिपि थान - २
-स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि थान २।
नोट : दरखास्त दिने स्थान विद्यालयको कार्यालयमा कार्यालय समय सम्म।
सम्पर्क नं. ९८०७५३२६७६, ९८१५४५८१२३
- माध्यमिक तह (कक्षा ९-१०) विज्ञान विषयको पुनः बिज्ञापन गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

प्रधानाध्यापक



## लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल

### बोलपत्रहरु स्विकृतिका लागि आशयको सूचना

सूचना प्रकाशित मितिः २०८२/०९/०१

यस अस्पतालबाट तपसिलमा उल्लेखित मितिमा प्रकाशित बोलपत्रहरुको सूचना अनुसार तपशिल बमोजिमको ठेक्काको सूचनामा उल्लेखित अन्तिम म्यादभित्र दर्ता भएका बोलपत्रहरु मुल्यांकन गर्दा सारभुत रुपमा प्रभावग्राही बोलपत्रहरु देहाय बमोजिम भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो आशयको सूचना प्रकाशित गरिएको छ।

तपसिल

| सि.नं. | ठे.नं. तथा कामको विवरण | स्वीकृत बोलपत्रदाताको नाम ठेगाना | कबोल अंक मु.अ.कर बाहेक |
|---|---|---|---|
| १ | LPH-NCB-GOODS-37-2082-083Supply Delivery and Installation of Neonatal Patient Monitor | श्री आर. देव सप्लायर्स काठमाण्डौ | २७ लाख ८१ हजार मात्र |
| २ | LPH-NCB-GOODS-38-2082-083 Supply Delivery and Installation of Baby Warmer with Phototherapy Machine | श्री बायोमेड इन्टरनेशनल प्रा.लि. काठमाण्डौ | २५ लाख ५० हजार मात्र |
| ३ | LPH-NCB-GOODS-40-2082-083Supply Delivery and Installation of Bubble CPAP. | श्री ए.जि. हेल्थकेयर प्रा.लि. काठमाण्डौ | १५ लाख २७ हजार मात्र |

साथै
LPH–NCB–GOODS–08 Re–2082-083, (Supply & Delivery of Electric Items) र LPH–NCB–GOODS–41 Re–2082-083, (Supply Delivery and Installation of Video Laryngoscope with Bronchoscope Machine) पुनः दोश्रो पटक १५ दिने सूचना प्रकाशित गरिएको छ, बिस्तृत जानकारीको लागि www.bolpatra.gov.np/egp मा हेर्न सकिनेछ।

मेडिकल सुपरिटेण्डेण्ट



## Mathagadhi Rural Municipality
Office of the Rural Municipal Executive
Jhadewa, Palpa

### INVITATION FOR BIDS

Notice No:- 03-2082-083, Second Date of Publication:- 2025-12-16 AD

1. Mathagadhi Rural Municipality, Office of the Rural Municipal Executive invitesonly electronic bids foreligible bidders for Construction/Supply of following Works/Goods under SQ bidding Procedures.

| Contract Identification No. | Description of Work | Estimated Amount (with VAT & PS) | Bid Security Amount | Fee for Bidding Document |
|---|---|---|---|---|
| MRM/RD/SQ/WORKS/2082-83/14 | Road Upgrading Work [Devagir-Devinagar and Chitrechhap Road, Mathagadhi-04 Jhadewa, Palpa] | 1,405,648.09 | 35,000.00 | 1000 |
| MRM/SQ/GOODS /2082-83/16 | Supply and Delivery of Sanitary pad at Mathagadhi Rural Municipality, Mathagadhi-04, Palpa | 1,094,173.35 | 25,000.00 | 1000 |

2. Bidder may download the bidding documents and submit their bids electronically through www.bolpatra.gov.np/egp as specified in the Bid document.
3. After completion of bid evaluation letter of intent will be published on office website (www.mathagadhimun.gov.np)

Chief Administrative Officer



## ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्को बेला पनि सेवा दिइने छ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्
तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**कम्पोस्ट मल प्याकिङः**
बाँकेको बैजनाथ गाउँपालिका-१ स्थित गाभरमा रहेको भ्याली अग्रोफार्ममा खेतबारीमा प्रयोग गर्नका लागि ६० टन तयार पारिएको कम्पोस्ट मल बोरा र प्लास्टिकमा प्याकिङ गर्दै कामदार।
तस्विरः रूपनि जिएम/रासस

# अन्तरविद्यालय कबड्डीको सेमिफाइनल र फाइनल आज



बुटवल । बुटवल उप-महानगर पालिका नगर खेलकुद विकास समितिको आयोजनामा बुटवलमा जारी अन्तरविद्यालयस्तरीय छात्र, छात्रा कबड्डी प्रतियोगिताको सेमिफाइनल र फाइनल प्रतियोगिता मंगलबार हुने भएका छन् ।

सोमबार भएका छात्र छात्राका पहिलो र दोस्रो चरणका खेल सम्मपन्न भएका छन् । जसअनुसार छात्रातर्फ न्यू होराईजन र अक्स्फोर्ड मावि तथा इडन र कालिका मावि सेमिफाइनल प्रवेश गरेका छन् । त्यसैगरी छात्रतर्फ न्यू होराइजन र नविन औद्योगिक मावि तथा गार्गी र दीप माविकाबिच सेमिफाइनल प्रतिस्पर्धा हुने खेल संयोजक शेरजंग गुरुङले बताए।

मंगलबार छात्र छात्रातर्फका सेमिफाइनल भएसँगै उपाधिका लागि फाइनल प्रतिस्पर्धा पनि हुनेछ । प्रतियोगितामा छात्र र छात्रा दुवैतर्फका प्रथम हुनेले २० हजार, दोस्रो हुनेले १० हजार, तेस्रो हुनेले ५ हजार, उत्कृष्ट रेडरले १ हजार र उत्कृष्ट डिफेन्डरले १ हजार, मेडल, ट्रफी र प्रमाणपत्र पाउने बुटवल नगर खेलकुद विकास समितिका अध्यक्ष बोनिन पियाले जानकारी दिए।

# उपेक्षित उष्ण प्रदेशीय रोगसम्बन्धी अन्तर्क्रिया



**गौरीशंकर जयसवाल**
*परासी*

पश्चिम नवलपरासीमा उपेक्षित उष्ण प्रदेशीय रोगसम्बन्धी अन्तर्क्रिया कार्यक्रम गरिएको छ। फेयर मेड फाउन्डेशन, इन्द्रेणी सामाजिक मञ्च पञ्चरनगर सहकार्य एवम् स्वास्थ्य तालिम केन्द्र बुटवलको प्राविधिक सहयोग तथा स्वास्थ्य कार्यालय परासीको आयोजनमा उपेक्षित उष्ण प्रदेशीय रोगसम्बन्धी सञ्चरकर्मीसँग अन्तर्क्रिया कार्यक्रम गरिएको हो ।

कार्यक्रममा नेपालमा पाइने ११ वटा उपेक्षित उष्णप्रदेशीय रोगहरुकोबारे स्वास्थ्य निर्देशानलयका वरिष्ठ स्वास्थ्य शिक्षा विकास अधिकृत शैलेन्द्रकुमार पाण्डले जानकारी गराएका थिए। डेंगी र चिकनगुनिया, रेबिज कुष्ठरोग ट्रकोमा खस्रे रोग, माटोबाट सर्ने जुका, सपर्दश, लुतो, हात्तीपाइल फित्ते जुका, कालाजार र माइसेटोमा, क्रोमोब्लास्टोमाइकोसीस गरी ११ वटा रोगहरु सामाजमा लुकाएरु बस्ने गरेको पाण्डेले जानकारी दिए।

उनका अनुसार समाजमा अझैं पनि लुकेर बसेका रोगहरुलाई उजागर गर्न सञ्चरकर्मीहरु अग्रह गर्दै यस्तो रोगबारे कलम चलाएर रोगहरुको निदान गर्न जरुरी रहेको छ । ६४ जिल्ला जोखिम युक्त रहेको जानकारी दिँदै ५३ जिल्लामा एमडीए र संक्रमण दर २० प्रतिशतभन्दा कम रहेको पाण्डेले बताए । रोग उन्मूलन गर्न केही चुनौती रहेको, खास गरी कुष्ठरोग सामाजमा लुकेर बस्ने र तराईमा सर्पदशको जोखिम धेरै रहेको पाण्डेको भनाइ थियो । कार्यक्रममा स्वास्थ्य कार्यालयका देवकिनन्द अचार्यले स्थानीय तथा जिल्लास्तरीय प्रगाति तथा तथ्याङ्कसम्बन्धी प्रस्तुत गर्दै ९१ जना कृष्ठ रोगीका बिरामीहरुले औषधी खाइरहेको जानकारी गराउँदै १५ जना नयाँ बिरामी कृष्ठरोगी फेला परेको बताए।

पश्चिम नवलपरासीमा तराईका अधिकांश जिल्लामा अपेक्षित उष्णप्रदेशीय रोगबाट धेरै नागरिक पीडित रहेको र कृष्ठरोग हात्तीपाइले, डेंगु, सर्पदश, रेबिज जस्ता रोगबाट विशेष गरी गरिब सिमान्तकृन्त, पिछाडिएका बस्तीमा बसोबास गर्ने नागरिक प्रभावित रहेको इन्द्रेणी सामाजिक विकासका कार्यकारी निर्देशक पुष्पराज अचार्यले जानकारी दिए।

सन २०१९ देखि फेयर मेड फाउण्डेशन र इन्द्रेणी सामाजिक विकास मञ्च पञ्चनगर नवलपरासीले प्रेरणा परियोजना सञ्चालन गरी उपेक्षित उष्णप्रदेशीय रोगबाट प्रभावित समुदायलाई सचेत बनाउन थालेको प्रेरण परियोजना फिल्ड सुपारवाईजर गिरीजेश कुमार शर्माले बताए । उनले नवलपरासीको सातवटै स्थानीय तहमा प्रेरणा परियोजना सञ्चालनमा रहेको र ९ वटा हेरचार समूह बनाएर काम गरिरहेको जनाकारी दिए । नवलपरासीका अध्यक्ष केशव पराजुलीलगायत जिल्लामा क्रियाशिल पत्रकारहरुको उपस्थिति रहेको थियो।

# जिल्लास्तरीय कालिका कप पुस १ देखि

बुटवल। बुटवल उप-महानरपालिका वडा नम्बर १० मा रहेको कालिका मानवज्ञान माविको ६५ औं वार्षिकोत्सव तथा अभिभावक दिवस यही पुस १ देखि ५ गतेसम्म विभिन्न कार्यक्रम गरी मनाउने भएको छ।

६५औं वार्षिकोत्सव कार्यक्रममा आयोजना गरिने खेलकुद तथा जिल्लास्तरीय कालिका कप खेलकुद प्रतियोगिता आयोजना गरिएको छ।

विद्यायले सोमबार सेक्टर २ रामनगरमा पत्रकार सम्मेलनको आयोजना गरी किताबी ज्ञान मात्र नभई शारीरिक अभ्यास खेलकुद एवम् विभिन्न प्रदर्शनीको माध्यमबाट पनि विद्यार्थीहरुलाई ज्ञान सिकाउन सकिन्छ भन्ने उद्देश्यका साथ "शिक्षासँगै खेल" भन्ने नाराका साथ कालिका रनिङ शिल्ड प्रतियोगिताको चौथो जिल्लास्तरीय कालिका कप खेलकुद प्रतियोगिता आयोजना गर्न लागिएको जानकारी गराएको हो।

विद्यालयका प्रधानाध्यापक दिनेश थापाका अनुसार पुष १ गतेदेखि कालिका मानवज्ञान माध्यमिक विद्यालयमा "जिल्लास्तरीय कालिका रनिङ शिल्ड" आयोजना हुनेछ।

वि.सं. २०७६ सालमा "नगरस्तरीय कालिका रनिङ शिल्ड" विद्यालयका तत्कालीन व्यवस्थापन समितिका अध्यक्ष होमबहादुर गलामी तथा प्र.अ. घनश्याम पाठकको पहल कालिका कप सुरुवात भएको थियो।

कालिका कप खेलकुद प्रतियोगिता-२०८२ मा भलिबल (छात्र/छात्रा) र कबड्डी (छात्र/छात्रा) जिल्लास्तरीय प्रतियोगिता आयोजना हुनेछ। जसमा भलिबल र कबड्डी बिजेता टिमलाई नगद पुरस्कार, ट्रफी र मेडल प्रदान गरिने छ। प्रथम हुने समूहले नगद ३० हजारसहित नगद पुरस्कार, ट्रफी र मेडल प्राप्त गर्ने छन्। यस्तै द्वितीय हुने टिमले २० हजार नगदसहित नगद पुरस्कार, ट्रफी र मेडल र तृतीय टिमले नगद १० हजारसहित नगद पुरस्कार, ट्रफी र मेडल प्राप्त गर्ने विद्यालयका प्रधानाध्यापक दिनेश थापाले जानकारी दिए।

यस्तै जिल्लास्तरीय कालिका कपअन्तर्गतको कबड्डी प्रतियोगितामा पनि सोहीअनुसारको पुरस्कार व्यवस्थापन गरिएको छ। कालिका कपसहित वार्षिकोत्सव उद्घाटन कार्यक्रम कालिकानगरमा बुटवल उप-महानरपालिका प्रमुख खेलराज पाण्डेको प्रमुख आतिथ्यतामा हुँदैछ। पुस १ गते जसमा खेलाडीहरुको मार्चपास, झाँकी, विद्यालयका करिब ६००० विद्यार्थीहरुको पि.टी. प्रदर्शन गर्ने छन्।

यसको साथै विद्यालयको ६५औं वार्षिकोत्सवमा पौष १ गते जिल्लास्तरीय कालिका कप २०८२ समुद्घाटन समारोह, पौष २-५ सम्म भलिबल तथा कबड्डी (छात्र/छात्रा) प्रतियोगिता, पौष ४ गते स्व. शेरबहादुर गुरूङ स्मृति अक्षयकोष जिल्लास्तरीय कविता प्रतियोगिता, पौष ४ स्व. मन्दिरा गलामी स्मृति अक्षयकोष सिङ्गिङ आइडल प्रतियोगिता, पौष ६ गते विभिन्न शीर्षकका अक्षयकोषबाट छात्रवृत्ति पुरस्कार वितरण समारोह, विद्यार्थी सम्मान, पौष ६ गते अन्तरविद्यालय ५००० मिटर दौड प्रतियोगिता (बिहान ६ बजे ), पौष ७ मूल समारोह, विभिन्न साँस्कृतिक कार्यक्रमहरु, विज्ञान प्रविधि, ललित कला प्रदर्शनी, शिक्षक कर्मचारी पुरस्कार वितरण कार्यक्रम आयोजना हुनेछन्। खेल विधालाई अभिन्न अंगको रुपमा योजना गराई कार्य सञ्चालन गर्दा विद्यालयको समग्र शैक्षिक विकासमा टेवा पुग्ने गरी काम गरेको विद्यालयका प्रधानाध्यापक दिनेश थापाले जानकारी दिए।

अन्तरविद्यालय टी-२० क्रिकेट :

# न्यू होराइजन र रूपन्देही लीलाराम फाइनलमा




भैरहवा । भैरहवामा जारी स्वर्गीय शेरबहादुर सेञ्चुरी स्मृति अन्तरविद्यालय टी-२० क्रिकेट प्रतियोगितामा न्यू होराइजन स्कुल र रूपन्देही लीलाराम न्यौपाने मावि फाइनल पुगेका छन् । सोमबार भएको सेमिफाइनलमा न्यू होराइजनले लुम्बिनी शिक्षा निकेतनलाई ७ विकेट र लीलाराममले होराइजन जीबीएसलाई ८ विकेटले हराउँदै फाइनल यात्रा पक्का गरेका हुन् । यी दुई टीमबिच मंगलबार उपाधिका लागि प्रतिस्पर्धा हुनेछ।

सिद्धार्थ क्रिकेट मैदानमा भएको पहिलो सेमिफाइनलमा टस जितेर ब्याटिङमा आएको लुम्बिनी शिक्षा निकेतनले ४ विकेट गुमाएर १ सय १५ रन बनायो । उसका लागि अलिउद्दिन खानले ४६, जाभेद खानले ३४ र आसिफ खानले नटआउट १४ रन जोडे। बलिङमा न्यू होराइजनका प्रिन्स पाल, अनिश भट्टराई र रिजन बुढाथोकीले १-१ विकेट लिए।

जवाफमा न्यू होराइजनले १४ ओभरमा ३ विकेट गुमाई १ सय १८ रन बनाउँदै सहजै जित निकाल्यो। उसको जितमा प्रिन्स पालले नटआउट ५५ रनको अर्धशतकीय पारी खेले। यस्तै, अब्राहम अलीले अविजित २४ र सफल भट्टराईले १९ रन बनाए । बलिङमा लुम्बिनी शिक्षा निकेतनका बासुदेव यादवले २ र सफिउल्लाह खानले १ विकेट लिए । प्रिन्स पाल प्लेयर अफ द म्याच भइ पाँच सय रुपैयाँ प्राप्त गरे।

यस्तै, दोस्रो सेमिफाइनलमा टस जितेर ब्याटिङ गरेको होराइजन जीबीएसले १८ ओभर ५ बलमा सबै विकेट गुमाएर जम्मा ८० रनको झिनो योगफल खडा गर्यो । उसका लागि प्रसन पोखरेलले २२ र सुनिल लोधले १० रन बनाए पनि अन्य ब्याटरले दोहोरो अंकमा रन बटुल्न सकेनन् । बलिङमा लीलारामका फैजन खान, प्रेमसागर यादव र विक्की मल्लाहले २-२ तथा कृष्णमोहन कुर्मीले १ विकेट लिए।

प्रतिउत्तरमा लीलारामले १२ ओभर ५ बलमा २ विकेटको क्षतिमा ८१ रन बनाई सहजै जित दर्ज गर्यो। उसको जितमा लक्की यादवले अविजित ३६ र आयन खानले नटआउट २३ रनको योगदान गरे। बलिङमा होराइजन जीबीएसका शिवप्रसाद यादव र सहज अर्यालले १-१ विकेट लिए। प्रेमसागर यादव प्लेयर अफ द म्याच भइ पाँच सय रुपैयाँ प्राप्त गरे।

प्रतियोगिताको विजेता टिमले नगद ५० हजार र उपविजेताले २५ हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने खेल संयोजक उदयकुमार मल्लिकले जानकारी दिए । यस्तै, म्यान अफ द सिरिजले १० हजार, बेष्ट बलर र बेष्ट ब्याटरले समान ५-५ हजार, प्रत्येक खेलको म्यान अफ द म्याचले ५ सय रुपैयाँ र अनुसाशित टिमलाई पनि पुरस्कृत गरिने आयोजकले जनाएका छन् । पर्वत ज्वेलर्स, भैरहवाले प्रायोजन गरेको प्रतियोगितामा रूपन्देहीका ३० वटा विद्यालयले प्रतिस्पर्धा गरेका थिए।

# लुम्बिनी सिटी कलेजमा अन्तिम सेमेस्टरका विद्यार्थीहरूलाई बिदाइ




बुटवल । लुम्बिनी सिटी कलेजमा अध्ययनरत बीएससी, सीएसआइटी, बीआइटीएम तथा बीसीए कार्यक्रमअन्तर्गतका अन्तिम सेमेस्टरका विद्यार्थीहरूलाई बिदाइ गरिएको छ।

७औं सेमेस्टरमा अध्ययनरत विद्यार्थीहरूको व्यवस्थापनमा आयोजना गरिएको कार्यक्रमको अध्यक्षता बीसीए सातौं सेमेस्टरका कक्षा प्रतिनिधि मञ्जिश उपाध्यायले गरेका थिए।

अन्तिम सेमेस्टरका वरिष्ठ विद्यार्थीहरूलाई आइटी क्षेत्रभित्र उज्ज्वल भविष्यको कामना गर्दै कलेजबाट हासिल गरेको ज्ञान, सीप र अनुभवलाई व्यवहारिक जीवनमा प्रभावकारी रूपमा प्रयोग गर्न आग्रह गरे।

लुम्बिनी सिटी कलेजका अध्यक्ष प्रो. डा. गणेशप्रसाद पाठकले विद्यार्थीहरूको जीवनको अर्को महत्वपूर्ण खुड्किलो सुरु भएको बताउँदै अबको यात्रा व्यक्तिगत प्रतिस्पर्धामात्र नभइ टिमवर्क, लिडरसिप र कोलाबोरेटिभ वर्कको माध्यमबाट अघि बढ्नुपर्नेमा जोड दिए।

कलेजका ए. क्याम्पस चिफ नारायणप्रसाद भुसालले विद्यार्थीहरूलाई आफ्नो आइटी सीपलाई अझ परिष्कृत गर्दै केवल रोजगारी खोज्ने मानसिकताभन्दा बाहिर निस्केरउद्यमशीलता, स्टार्टअप र इनोभेसनतर्फ आकर्षित हुन सुझाव दिए । कार्यक्रमको सञ्चालन सुमित खनालले गरेका थिए।


## सामाजिक अपराध तथा हिंसा विरुद्ध एकजुट होऔं।

- कुनै पनि प्रकारका हिंसा, दुर्व्यवहार, विभेद जस्ता सामाजिक अपराधजन्य क्रियाकलाप नगरौं ।
- त्यस्ता कार्य भएको देखेमा स्थानीय प्रशासनमा खबर गरौं ।
- सामाजिक अपराध र हिंसा विरुद्ध एकताबद्ध भएर आवाज उठाऔं ।
- बालबालिका, महिला, ज्येष्ठनागरिक, अपाङ्गता भएका व्यक्तिहरू माथि हुने हिंसा विरुद्ध चेतनामुलक कार्यक्रम सञ्चालन गरौं ।
- सामाजिक सञ्जाल, सञ्चार माध्यममार्फत फैलन सक्ने झूठा समाचार, वदनियतपूर्ण / द्वेषपूर्ण सामग्री प्रति सजग रहौं ।
- मानवीय मर्यादाको संरक्षण गर्दै छिमेकी र समुदायलाई सहयोग गरौं ।
- विद्यालय, टोल तथा सामुदायिक संस्थामा हिंसारहित व्यवहार गरौं।
- सामाजिक अपराध रोक्न समुदाय प्रहरी साझेदारी कार्यक्रम प्रभावकारी बनाऔं ।

**अपराधमुक्त समाजका लागि कानुनी दायित्व निभाऔं, पिडितलाई न्याय दिलाउन सबैले सहयोग गरौं।**

नेपाल सरकार विज्ञापन बोर्ड



## साधारण सभा सम्बन्धी सूचना ।

यस श्री दर्शन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको सञ्चालक समितिको मिति २०८२/०७/२८ मा बसेको बैठकको निर्णयअनुसार संस्थाको वार्षिक साधारण सभा तथा निम्नलिखित विषयहरुमा छलफल गर्ने गरि निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा सम्पूर्ण शेयर सदस्यज्यूहरूलाई निमन्त्रणा कार्ड पठाईसकिएको छ यदि प्राप्त नभएको भए यहि सूचनालाई आधार मानी उपस्थित भई साधारण सभालाई सफल बनाइदिनुहुन हार्दिक अनुरोध गरिन्छ।

**छलफलका विषयहरू :**
१. सञ्चालक समितिको तर्फदेखि अध्यक्षज्यूबाट वार्षिक प्रतिवेदन प्रस्तुत छलफल तथा अनुमोदन सम्बन्धमा।
२. आ.व. २०८१/०८२ को लेखापरीक्षकको प्रतिवेदनसहित वार्षिक वासलात, नाफा/नोक्सान हिसाब उपर छलफल गरी स्वीकृति गर्ने।
३. आ.व. २०८२/०८३ का लागि लेखापरीक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धमा।
४. विनियम पुनः लेखन सम्बन्धमा।
५. सहकारी नियमन प्राधिकरण अभिलेखीकरण सम्बन्धमा।
६. विविध।

**सभा बस्ने विवरण :**
मिति : २०८२/०९/५ गते शनिबार
समय : बिहान ११:०० बजे
स्थान : एशियन बुद्ध होटल लि.(सि.न.पा.-८, बसडिलवा)

सीताराम उप्रेती
अध्यक्ष
**श्री दर्शन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
सिद्धार्थनगर न.पा.-१२, भैरहवा, रुपन्देही


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com